# आशूराको दिन जुन शीअःहरू गर्छन् त्यो बिदअत र पथभ्रष्टता हो

## ما يفعله الشيعة في عاشوراء بدعة وضلالة

< नेपाली >

लेखकः

मुहम्मद सालेह अल् मुन्जिद

محمد صالح المنجد

अनुवादकः

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा लेखक ज्यूले आशूराको बारेमा र त्यससित संलग्न कुराहरूबारे स्पष्टिकरण गरेका छन् र आशूराको दिन शीआहरू जति पनि गतिविधिहरू र पाखण्डहरू गर्छन् त्यसलाई कुरआन र हदीसको प्रकाशमा पथभ्रष्टता सिद्ध गरेका छन् । त मैले उनीहरूको पथभ्रष्टतालाई पाठकवर्ग सम्मुख राख्ने उद्देश्यले यसको अनुवाद गरेको छु ताकि समस्त मुसलमानहरू यस्ता खालका पाखण्डहरूबाट आफूलाई बचाउन् ।

मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् र अल्लाहको प्रशान्ति अवतरित होस् त्यसको सेवक र सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि ।

**प्रश्न:-** म दुबईमा बसोबास गरिरहेको छु, र हामी वरिपरि धेरै शीअ:हरू बस्दछन्, र उनीहरू सदैंव भन्दै गर्छन् कि जुन क्रियाकलापहरू उनीहरू मुहर्रमको ९ र १० तारिखको दिन गर्छन् त्यो उनीहरूको हजरत हुसैनप्रति प्रेमको साक्षात प्रमाण हो, र भन्छन् कि यस्तो गर्नुमा कुनै आपत्ति छैन, र भन्छन् यो त्यस्तै कार्य हो जस्तोकि हजरत यअ्कूबले भनेका थिए:

﴿ وَتَوَلَّىٰ عَنۡهُمۡ وَقَالَ يَٰٓأَسَفَىٰ عَلَىٰ يُوسُفَ وَٱبۡيَضَّتۡ عَيۡنَاهُ مِنَ ٱلۡحُزۡنِ فَهُوَ كَظِيمٞ ٨٤ قَالُواْ تَٱللَّهِ تَفۡتَؤُاْ تَذۡكُرُ يُوسُفَ حَتَّىٰ تَكُونَ حَرَضًا أَوۡ تَكُونَ مِنَ ٱلۡهَٰلِكِينَ ٨٥ قَالَ إِنَّمَآ أَشۡكُواْ بَثِّي وَحُزۡنِيٓ إِلَى ٱللَّهِ وَأَعۡلَمُ مِنَ ٱللَّهِ مَا لَا تَعۡلَمُونَ ٨٦ ﴾ يوسف: ٨٤ - ٨٦

अर्थ: फेरि उनीबाट आफ्नो मुख फर्काइलिए, र भने: हाय यूसुफ ! हार्दिक शोक र दु:खको कारण उनका आँखा एकदमै सेतो भइसकेका थिए र उनी शोकलाई थिची राखेका थिए । छोराहरूले भने: अल्लाहको शपथ ! तपाई सदैव यूसुफको सम्झनामै लागि रहनु हुनेछ । यहाँसम्म कि तपाई जीर्ण हुनु हुनेछ अथवा समाप्त भइजानु हुनेछ । उहाँले भन्नु भयो: कि, मैले त आफ्नो शोक र कठिनाईको अल्लाहसँग पुकार गरिरहेको छुँ, मलाई अल्लाहको तर्फबाट त्यो कुरो ज्ञात छ, जुन तिमीलाई थाहा छैन । ( सूरतु यूसुफ ८४-८६ )

त मेरो अनुरोध यो छ कि त्यस दिन आफ्नो छातीमाथि प्रहार गर्नुको के हुकुम छ प्रष्ट पारिदिनुस् ?

**उत्तर:-** समस्त प्रकारको प्रशंसा अल्लाहकै लागि छ । र ह्यो कुरो ती कार्यहरुको जुन कार्यहरू शीअ:हरू आशूराको दिन (दश मुहर्रमको दिन) गर्छन् अर्थात छाती पीट्नु, गालमा चमाट हान्नु, र काँधामा जन्जीरले प्रहार गर्नु, र आफ्नो टाउकोलाई तरवारले घायल गरी रगत बगाउनु, त यी समस्त कार्यहरू बिदअत अर्थात इस्लाममा नौलो अविष्कृत कार्यहरू हुन् जसको इस्लामसित कुनै सम्बन्ध छैन । र यी समस्त कार्यहरू निषेधित कार्यहरू मध्येका हुन् जसबाट रसूल सल्लल्लाहो अलैहे वसल्लमले रोकेका छन् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्ता कार्यहरू वा यससित मिल्दो कार्यहरूलाई वैधानिक गरेका छैनन् जसलाई कुनै महान व्यक्तिको मृत्युमा वा कुनै शहीदको शहादतमा गरियोस्, चाहे त्यसको दर्जा जति पनि महान किन नहोस् ।

त रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा नै कतिपय महान र आदरणीय सहाबीहरू शहीद भए जिनको शहादतमा उहाँ सल्लल्लाहो अलैहे वसल्लम अति शोकाकुल भए, जसरी हजरत हम्जा बिन अब्दुल मुत्तलिब रजिअल्लाहो अन्हो, र हजरत जअ्फर बिन अबि तालिब रजिअल्लाहो अन्हो, र हजरत अब्दुल्लाह बिन रवाहा रजिअल्लाहो अन्हो ...आदि । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले ती कार्यहरू मध्ये केही पनि गरेनन् जुन यी शीअ:हरू गर्छन्, र यदि यस्तो गर्नु भलाई र पुण्यको कार्यहरू मध्येको हुन्थ्यो भने रसूल सल्लल्लाहो अलैहे वसल्लम त्यसलाई हामीहरूभन्दा अघि नै गरेका हुन्थे ।

र रह्यो कुरो हजरत यअ्कूब अलैहिस्सलामको त उहाँले पनि आफ्नो छातीलाई पीट्नु भएन नत आफ्नो अनुहारलाई नै चिथार्न भयो, नत रगत नै बगाउनु भयो, नत यूसुफलाई गुमाएको दिनलाई पर्व वा शोकको दिन नै बनाउनु भयो, बरु आफ्नो प्रिय छोरालाई गुमाएकोमा शोकाकुल मात्र हुनु भयो । त यस्तो गर्नु अर्थात शोकाकुल हुनु र व्याकुलता प्रकट गर्नु यस्तो कुरो हो जसको इन्कारी कोही पनि छैन । बरु इन्कार गर्ने योग्य ती गतिविधिहरू हुन् जुन यिनी शीअ:हरू गर्छन् जुनकि अनभिज्ञकालका कार्यहरू मध्येका हुन्, जसबाट इस्लामले रोकेको छ ।

बुखारीले हदीस नं. १२९४ मा र मुस्लिमले हदीस नं. १०३ अन्तर्गत अब्दुल्लाह बिन मस्ऊदको माध्यमले वर्णन गरेका छन् कि उहाँको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि: “त्यो मानिस हामीहरू मध्येको होइन जुन गालमा हानोस् र आफ्नो लुगालाई च्यातोस् (छाती निकटको लुगालाई च्यातोस्) र अनभिज्ञकालका क्रियाकलापको वकालत गरोस्” ।

तसर्थ ती समस्त कार्यहरू जसलाई शीअ:हरू आशूराको दिन गर्छन् त्यसको इस्लामसित कुनै सरोकार छैन, त्यसलाई नत रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना प्रियतम साथीहरूको लागि उनीहरूको मृत्युको दिन गरेका छन्, नत सहाबाहरूले नै रसूल सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास हुने दिन गरेका छन् जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको निधन हजरत हुसैनको मृत्युभन्दा विशाल घट्ना हो ।

र हाफिज इब्ने कसीरको वर्णन छ कि: हजरत हुसैनको शहादतमाथि शोकाकुल हुनु समस्त मुसलमानहरूको लागि उपयुक्त कुरो हो किनकि हजरत हुसैन मुसलमानहरूको नायकहरू मध्येका थिए, र सहाबाहरूको विद्हरू मध्येका थिए, र रसूल सल्लल्लाहो अलैहे वसल्लमकी प्रियतम र सर्वश्रेष्ठ छोरीको छोराहरू मध्येका थिए, र उहाँ रजिअल्लाहो अन्हो वीरता र उदारताका प्रतीक पनि थिए । तर जुन कार्य शीअ:हरू गर्छन् अर्थात पाखण्डहरू त त्यो राम्रो कुरो होइन । र हजरत हुसैनको पिता हजरत अली रजिअल्लाहो अन्हो उनीभन्दा श्रेष्ठ र महान थिए, तर उनको शहादतमा शीअ:हरू ती कार्यहरू गर्दैनन् जुन हजरत हुसैनको शहादतको दिन गर्छन्, जबकि उनको पिता हजरत अलीलाई जुमआको दिन २७ रमजान सन् ४० हिज्रीमा त्यस समय शहीद गरियो जब उहाँ फज्र नमाजको लागि जाँदैथिए । र यस्तै हजरत उसमान रजिअल्लाहो अन्हो हजरत अलीभन्दा महान र श्रेष्ठ थिए, र हजरत उसमानलाई पनि यस्तो अवस्थामा शहीद गरियो कि उनीलाई उनकै घरमा घेराबन्दी गरिएको थियो र जिल्हिज्जाको तश्रीकको दिनहरूमा सन् ३६ हिज्रीमा कुरआन पढिरहेको अवस्थामा उहाँको घाँटी रेटेर शहीद गरियो, तर उहाँको शहादतको दिनलाई मानिसहरूले शोकको दिन बनाएनन् । र यस्तै हजरत उमर बिन खत्ताब रजिअल्लाहो अन्हो हजरत उसमान र हजरत अलीभन्दा महान र श्रेष्ठ थिए, र उहाँलाई पनि यस्तो अवस्थामा शहीद गरियो कि उहाँ मस्जिदको मेहराबमा उभेर फज्रको नमाज पढाउँदा कुरआनको पाठन गरिरहेका थिए, तर यिनको शहादतको दिनलाई पनि मानिसहरूले शोकको दिन बनाएनन् ।

र यस्तै हजरत अबु बक्र रजिअल्लाहो अन्हो यी सबैभन्दा महान र श्रेष्ठ थिए, तर उहाँको मृत्युको दिनलाई शोकको दिन बनाइएन । र रसूल सल्लल्लाहो अलैहे वसल्लम त यस लोक र परलोक दुवैमा आदमका सन्तति र समस्त मानवगणका नायक हुन्, र उहाँलाई पनि अल्लाहले उस्तै मृत्यु प्रदान गऱ्यो जसरी समस्त सन्देष्टाहरूलाई प्रदान गरेको थियो, तर उहाँको मृत्युको दिनलाई शोकको दिन बनाइन, जसरी कि दिग्भ्रमित शीअ:हरू हजरत हुसैनको शहादतको दिनलाई बनाएका छन् । त यस्ताखालका विपत्तिहरूमाथि त्यो भन्नु नै अति उत्तम र उचित हुन्छ जसलाई इमाम हुसैनले आफ्नो नाना मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमबाट वर्णन गरेका छन् कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: **“जुन सुकै मुसलमानलाई कुनै आपत विपत्ति आइ परोस् अनि त्यसले त्यसको सम्भना गर्छ यद्यपि त्यो घटना पुरानो भइसकेको होस् अनि त्यो त्यसबाट अल्लाहको श्रण चाहोस् र आफूलाई अल्लाहमा समर्पण गरोस् (अर्थात इन्ना लिल्लाहे वइन्ना इलैहे राजेऊन् पढोस्) त त्यसलाई उस्तै पुण्य प्राप्त हुन्छ जसरी त्यसको घटित हुने समय प्राप्त भएको थियो”** । (अहमद, इब्ने माजा) ( अल् बेदाया वन्नेहाया ८/२२१ )

र (८/२२०) मा उहाँको भनाई छ कि: र राफेजा शीअ:हरूले बनी बवैहको शासनकालमा अर्थात लगभग सन् ४०० हिज्रीमा सीमा अतिक्रमण गरे, अर्थात त्यस समय शीअ:हरूद्वारा बगदाद र राज्यका अन्य भागहरूमा आशूराको दिन ढोल बजाइन्थ्यो, र गली बाटोमा धूलमाटो उडाइन्थ्यो, र मानिसहरू रोई रोई र विलाप गर्दै शोक मनाउँथे, र तिनीमध्ये धेरै मानिसहरू त्यस रात्री पानी पनि खान्दैन्थे हजरत हुसैनको अनुशरण गर्ने उद्देश्यले किनकि हजरत हुसैन तिर्खाएको अवस्थामा शहीद गरिएका थिए । र महिलाहरू अनुहार खोलेर बजारमा घुम्दै छातीमा प्रहार गर्थिन्, र यस जस्ता अरु बिदअतहरू उनीहरू गर्थे जुन उनीहरूले आफै रचेका थिए । र यस समस्तद्वारा उनीहरूको उद्देश्य मात्र यो नै थियो कि यी समस्त क्रियाकलापद्वारा बनी उमैयाको प्रशासनमाथि क्रोध प्रकट गरियोस् किनकि यिनैको शासनकालमा हुसैनलाई शहीद गरिएको थियो ।

त आर्कोतर्फ शामका नवासिबहरूले शीअ:हरू बिरुद्ध क्रियाकलापहरू गर्थे । यसर्थ उनीहरू आशूराको दिन राम्रा राम्रा भोजन पकाउँथे, र स्नान गर्थे, र सुगन्ध प्रयोग गर्थे, र राम्रो राम्रा लुगा लगाएर पर्व भैं प्रसन्नता प्रकट गर्थे, र यी समस्त कार्यहरूबाट उनीहरू मात्र शीअ:हरूप्रति आफ्नो घृणा प्रदर्शित गर्न खोज्दथे । तसर्थ यस दिन पर्व मनाउनु उस्तै बिदअत हो जसरी यस दिन शोक मनाउनु बिदअत हो । र

यसै कारण शैखुल इस्लाम इब्ने तैमियाको भनाई छ किः शैतानले मानिसहरूको लागि हजरत हुसैनको शहादतको माध्यमले दुई बिदअत अविष्कृत गऱ्योः एउटा शोक र नौहा एवं रक्तपात गर्ने बिदअत जसमा मानिसहरू विलाप गर्दै आफैलाई घायल गर्छन् । र आर्को खुशी एवं प्रसन्नताको बिदअत, जसमा मानिसहरू स्नान गर्छन्, राम्रो भोजन पकाउँछन्, र सुर्मा लगाउँछन् र राम्रो लुगा लगाएर प्रसन्नता प्रकट गर्छन् । तर यस प्रकारका समस्त गतिविधिहरू पथभ्रष्टता हुन्, यसलाई नत इस्लामका प्रख्यात चारौं इमामहरूले गरेका छन्, नत कुनै अरु विद्ले नै गरेका छन् उनीहरूले नत शोकको बिदअतलाई गरेका छन् नत खुशीको बिदअतलाई । (मिन्हाजुस्सुन्नह ४/५५४ )

र यहाँ यो पनि स्पष्ट गर्नु अति आवश्यक छ कि यस्ताखालका गतिविधिहरूद्वारा इस्लामका शत्रुहरू र इस्लाम विरोधि तथ्यहरू आफ्नो उद्देश्य प्राप्ति गर्न खोज्दछन् जसलेगर्दा उनीहरू इस्लाम र मुसलमानहरूलाई पूर्ण विश्वमा बदनाम गरुन् । र यसै सन्दर्भमा मूसा अल् मूसवीको आफ्नो किताब **अश्शीअः वत्तसहीह**मा वर्णन छ किः निसन्देह यस कुरामा कुनै सन्देह छैन कि दश मुहर्रमको दिन हजरत हुसैनको शोक मनाउने उद्देश्यले तरवारद्वारा टाउकोलाई घायल गर्ने कार्य इरान र इराकमा भारतबाट सरेर आएको हो, र जस समय इंग्लैण्डले हिन्दुस्तानमाथि जबरजस्ती कब्जा जमाएको थियो त्यसै समय शीअःहरूलाई यो आफूलाई घाइते गर्ने कुकर्म सिकाएको थियो, र वर्तमानमा पनि बगदाद र तेहरानमा स्थित इंग्लैण्डको दुतावासले यस्तो गतिविधिहरूको प्रशिक्षण र आर्थिक सहयोग गऱ्यो ताकि यिनीहरूद्वारा ती समस्त क्रान्तिकारी समूहहरू र प्रतिकारहरूलाई कम्जोर पारोस् जुन भारतमा र अन्य इस्लामीय राज्य र देशहरूमा त्यस विरुद्ध युद्धरत थिए । र उनीहरू आफ्नो यस क्षलपूर्ण षडयन्त्रमा मात्र शीअःहरूको अनभिज्ञताको कारण नै सफल भए । किनकि उनीहरूले पूर्ण संसारलाई आफ्नो पत्रपत्रिका र दूरसंचारको माध्यमले यो दर्शन गराउन खोजेका थिए कि यी युद्धरत समूहहरू वनमानव झैं असभ्य छन्, र हामीले जुन यिनीहरूको देशहरूमाथि अधिपत्य जमाएका छौं त्यो मात्र यिनीहरूलाई सभ्यताको पाठ पढाउनको लागि हो ।

र यसै कारण जब इराकका प्रधामन्त्री यासीन हाश्मीले लन्दनको भ्रमण गरे यो भन्ने उद्देश्यले कि हामीहरूमाथिबाट इंग्लैण्ड आफ्नो अनैतिक कब्जालाई समाप्त गरोस्, त उनीहरूले भनेः हामीहरू त इराकबासीहरूको सहायताको लागि पो त्यहाँ कब्जा गरेका छौं । अनि हाश्मी क्रोधित भएर कोठाबाट बाहिर निस्के, अनि उनीहरूले उनसित विनम्रताको साथ अनुरोध गरे कि यस वीडियोलाई हेर्नुस् अनि हाश्मी के हेर्छन् कि त्यसमा चित्रण गरिको वीडियो ती शीआहरूका करतूत हुन् जुन उनीहरू करबला नजफ... आदि शहरहरूमा आफूमाथि प्रहार गरी रक्तपात गरिरहेका छन् । अनि उनीहरूले भने यिनीहरू जुन गरिरहेका छन् त्यसलाई कुनै बुद्धिमान मानिस गर्नसक्दैन, यसर्थ यिनीहरूको सभ्यताबाट दूर दूरको वास्ता छैन किनकि यस्ता कार्यहरू कुनै पनि सभ्य मानिस गर्न सक्दैन ।

र अल्लाह नै यसबारे सर्वज्ञानी र सर्वगुण सम्पन्न छ ।

त हे पाठकहरू ! यो हो शीअःहरूका आशूराको दिन गरिने गतिविधिहरूको वास्तविकता जसलाई शैख सालेह अल् मुन्जिद ज्यूले आफ्नो यस उत्तरद्वारा प्रष्ट गरेका छन्, र वास्तवमा यदि तपाई उनीहरूको यस कार्य र उनीहरूका अन्य कार्यहरूमाथि निष्ठापूर्वक विचार गर्नुहुन्छ त तपाईहरूमाथि यो प्रष्ट भइहाल्छ कि उनीहरू वास्तवमा दिग्भ्रान्त छन्, र उनीहरूमा सभ्यता नामको कुनै चीज छैन उनी आफ्नो मनीष शैतानलाई सुम्पिहालेका छन् यसर्थ उनीहरूको पाखण्डबाट सावधान रहनुहोला ।

अन्त्यमा म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह हामी सबैलाई यस्ताखालका समस्त गतिविधिहरूबाट सुरक्षित राखेर हाम्रो सुकर्महरूलाई कबूल गरी आफ्नो अर्शमुनि स्थान प्रदान गरुन् । र जेजति हामीले अज्ञानतामा ग्रस्तभएर पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरुन्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरुन् । र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

IslamHouse.com